# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को

## करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

### (प्रथम पटक सूचना प्रकाशन मिति २०७७/०९/२२)

यस वित्तीय संस्थाको २०७७/०७८ को कार्यक्रम तथा बजेटमा स्वीकृत करार कर्मचारी दरबन्दीमध्ये पदः अधिकत, अधिकत तृतीय श्रेणी, तहः ६ मा १ (एक) वर्षको लागि र संस्थाको आवश्यकता तथा कार्यसम्पादन मूल्याङ्कनको आधारमा सेवा अवधि थप हुन सक्ने गरी करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरूबाट आफूले प्राप्त गरेको नागरिकता र शैक्षिक योग्यताका प्रतिलिपिहरू स्वयमले प्रमाणित गरी हालै खिचिएको पासपोर्ट साईजको २ (दुई) प्रति फोटो सहित यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्रमा तोकिएको ढाँचाको दरखास्त फाराम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा बुझाउन आह्वान गरिएको छ । आवेदन दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा नेपालको मान्यता प्राप्त विश्वविद्यालयबाट समकक्षता (Equivalence) निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । म्याद भित्र पेश नभएको र रित नपुगी आएको दरखास्त फाराम उपर कुनै किसिमको कारवाही हुनेछैन । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सार्वजनिक बिदा पछिको कार्यालय खुल्ने पहिलो दिन कार्यालय समय भित्रसम्म दरखास्त फाराम बुझाउनु पर्नेछ । दरखास्त फाराम यस वित्तीय संस्थाको Website: www.skbbl.com.np बाट Download गरी प्राप्त गर्न सकिनेछ । आवेदन फाराम बुझाउदा दरखास्त दस्तुर वापत रु.५००।- (अक्षरुपी रु. पाँच सय) मात्र यस वित्तीय संस्थाको प्रभु बैंक लि. टेकुमा रहेको खाता नं. ११४००७२८५०२०००३५ मा जम्मा गरी भौचरको सक्कल प्रति दरखास्त साथै समावेश गर्नु पर्नेछ । छनौट सूची (Short Listing) मा परेका उम्मेदवारहरूलाई मात्र मामिला प्रस्तुतीकरण (Case Presentation) तथा अन्तर्वार्ताका लागि बोलाईने छ ।

**परीक्षाको किसिम :** मामिला प्रस्तुतीकरण (Case Presentation) तथा अन्तर्वार्ता

| विज्ञापन नम्बर | पद, श्रेणी र तह | आवश्यक पद संख्या | काम गर्नु पर्ने स्थान | आवश्यक शैक्षिक योग्यता र कार्य अनुभव | उमेरको हद | सेवा सुविधाहरु |
|---|---|---|---|---|---|---|
| ०६/२०७७/०७८ | अधिकृत, अधिकृत तृतीय श्रेणी, तह : ६ | ५ (पाँच) | वित्तीय संस्थाको इलाका कार्यालयहरू । | मान्यता प्राप्त विश्वविद्यालयबाट वाणिज्यशास्त्र वा व्यवस्थापनमा स्नातकोत्तर तह उत्तीर्ण गरेको । | आवेदन दिने अन्तिम मिति सम्ममा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको । | वित्तीय संस्थाको नियमानुसार । |

**पदपूर्ति समिति**

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय सुविधानगर, काठमाण्डौ, नेपाल
फोन : ०१-४१११७५२/८२८